**मिति :२०७५/३/१०गतेको नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१) महिला स्वास्थ्य स्वयंम्सेविकाको लागि प्रोत्साहन भत्ता सम्बन्धमा ।

२) बजेट पेश सम्बन्धमा ।

३) नगर सभा सम्बन्धमा ।

४) नगर कार्यपालिका महिला सदस्य भ्रमण सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा प्रत्येक महिला स्वयम्सेविकालाई प्रोत्साहन स्वरुप प्रति महिना ६०० का दरले ११३ स्वयम्सेविकाहरुको लागि चालु आ.व. मा ८,१३,६००/- विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो । यो रकमको व्ययभार खर्च नहुने योजनाको मौज्दात रकमबाट व्यहोरिने छ ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा विनियोजन विधेयक, आर्थिक विधेयक र आ.व. २०७५/०७६ को बजेट नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा आगामी नगर सभा मिति २०७५/०३/१४ गते हुने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा यस नगरपालिकाका कार्यपालिकाका महिला सदस्य नगरपालिकाका विभिन्न वडाहरुमा अन्तरकृया गर्न जाँदा लागेको खर्च ६९,०००/- भुक्तानी दिने निर्णय गरियो ।